# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) परीक्षण प्रतिवेदन

सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश

आर्थिक वर्षः २०८१/८२

# विषयसूची


| क्र.सं. | विषय | पृष्ठक्रमांक |
|---|---|---|
| १ | पृष्ठभूमि | १ |
| २ | अध्ययनको महत्व | १ |
| ३ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको उद्देश्यहरू | १ |
| ४ | लैङ्गिक परीक्षणले समेट्ने क्षेत्रहरू | १ |
| ५ | लैङ्गिक परीक्षणको विधि र तरिका | २ |
| ६ | अध्ययनको सीमा | २ |
| ७ | लैङ्गिक परीक्षणका सहभागीहरू | २ |
| ८ | लैङ्गिक परीक्षणको विश्लेषणका औजारहरू | ३ |
| ९ | लैङ्गिक परीक्षणबाट आएका मुख्य प्राप्तिहरू | ३ |
| १० | लैससास बजेट परीक्षण विधिबाट देखिएका लैससासको अवस्था | ४ |
| ११ | परीक्षणपश्चात सूचकहरूले प्राप्त गरेका अङ्क | ४ |
| १२ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सबल पक्ष र सुधार गर्नु पर्ने पक्षहरू | ६ |
| १३ | लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना | ७ |
| १४ | निष्कर्ष | ७ |
| १५ | सुझाव | ८ |

| क्र.सं. | विषय | पृष्ठक्रमांक |
|---|---|---|
| १६ | अनुसूचीहरू | ९ |
| १७ | अडिटका क्रमका तस्विरहरु | १० |
| | अनुसूची—१ः परीक्षण सूचक (प्राप्ताङ्क र प्रमाणीकरण आधार सहित) | |
| | अनुसूची—३ः सबल/दुर्बल पक्ष तथा अवसर/चुनौती विश्लेषण | |
| | अनुसूची—४ः प्रमुख उपलब्धिहरू | |
| | अनुसूची—५ः लैससास कार्यान्वयन कार्ययोजना | |
| | सहभागी नामावली, बैठक निर्णय तथा तस्वीरहरू | |

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन

## १. पृष्ठभूमि

नेपालको संविधानले परिकल्पना गरेको समानुपातिक समावेशी र न्यायपूर्ण समाजको निर्माणका लागि कोशी प्रदेश सरकारले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) लाई प्राथमिकतामा राखेको छ। यसै सन्दर्भमा, सामाजिक विकास मन्त्रालयको नीति, योजना, कार्यक्रम र कार्यान्वयनको तहमा लैससास संवेदनशीलताको अवस्था मापन गर्न यो परीक्षण गरिएको हो। "कोशी प्रदेश लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८१" को प्रावधान बमोजिम यो प्रतिवेदन तयार पारिएको छ।

## २. अध्ययनको महत्व

यस अध्ययनले मन्त्रालयको सेवा प्रवाह र संस्थागत संरचनामा रहेका सबल र कमजोर पक्षहरूको वस्तुनिष्ठ विश्लेषण गर्दछ। यसले मन्त्रालयलाई आगामी वर्षका नीति तथा कार्यक्रमहरूमा लक्षित वर्गको वास्तविक आवश्यकतालाई सम्बोधन गर्न, बजेट विनियोजनलाई थप समावेशी बनाउन र कार्यस्थललाई लैङ्गिक मैत्री बनाउन मार्गदर्शन प्रदान गर्दछ।

## ३. लैङ्गिक बजेट परीक्षणको उद्देश्यहरु

- मन्त्रालयका नीति, कानून र कार्यक्रमहरू लैससास दृष्टिकोणबाट कति संवेदनशील छन् भनी मूल्याङ्कन गर्ने।
- मन्त्रालयको मानव संसाधन र संस्थागत संरचनामा समावेशी प्रतिनिधित्वको अवस्था पहिचान गर्ने।
- लक्षित वर्ग (महिला, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक आदि) को सेवामा पहुँच र सन्तुष्टि मापन गर्ने।
- परीक्षणबाट प्राप्त नतिजाका आधारमा आगामी दिनका लागि सुधारका लागि कार्ययोजना सिफारिस गर्ने।

## ४. लैङ्गिक परीक्षणले समेट्ने क्षेत्रहरु:

लैङ्गिक समानता तथा सामाजिक समावेशीककरण परीक्षण (GESI) कार्यविधि, २०८१ को अनुसुची १ मा व्यवस्था भएबमोजिम तपसिलका ५ वटा क्षेत्रलाई समेटेर लैङ्गिक परीक्षण गरिएको छ ।

१. नीति, कानून, योजना तथा कार्यक्रम

२. संस्थागत व्यवस्था

३. मानव संसाधन तथा क्षमता विकास
४. सुशासन तथा उत्तरदायित्व
५. सेवा प्रवाह

## ५. लैङ्गिक परीक्षणको विधि र तरिका

- कार्यदल गठनः कोशी प्रदेश सरकारद्धारा जारी गरिएको लैङ्गिक समानता तथा सामाजिक समावेशीककरण परीक्षण (GESI) कार्यविधि, २०८१ को दफा ४(२) मा भएको व्यवस्था अनुसार सामाजिक विकास मन्त्रालयका श्रीमान् प्रदेशसचिवज्यूबाट ४ सदस्यीय कार्यदल गठन गरी कार्यदलले सामाजिक विकास मन्त्रालयको काम सुरु गरेको हो । जसमा कार्यविधिमा भएको व्यवस्था बमोजिम मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट प्रतिनिधि माग भएको थियो र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका शाखा अधिकृत मदन खनाललाई प्रतिनिधि तोकि पठाईएको थियो ।
- स्व-लेखाजोखाः कार्यविधिको अनुसूची १ का ५० वटा सूचकहरूमा आधारित भई ती सूचकहरुलाई प्रमाणित गर्ने आधारहरुलाई समेत अध्ययन गरी अङ्क प्रदान गरिएको।
- परामर्श र छलफलः मन्त्रालयका प्रदेश सचिवसहित सम्पुर्ण महाशाखा प्रमुखहरु र शाखामा कार्यरत कर्मचारीहरु र सरोकारवालाहरू (हेल्पडेस्कका कर्मचारी, मन्त्रालयसंग सम्बन्धित परियोजनाहरुका प्रतिनिधिहरु) सँग मन्त्रालयको सभाहलमा छलफल आयोजना गरी सबल र दुर्बल पक्षको विश्लेषण गरिएको।
- तथ्याङ्क सङ्कलनः कार्यालयको समीक्षा रिपोर्ट, MDAC बैठक, बजेट पुस्तिका, माननीय मन्त्रीस्तर र सचिवस्तर निर्णय भएका निर्णयपुस्तिका र भौतिक संरचनाको स्थलगत अवलोकन, पहुँचयुक्त शौचालय, नागरिक वडापत्र लयागत आवश्यक तथ्याङ्कहरु।

## ६. अध्ययनको सीमाः

यो अध्ययन कार्यविधिको अनुसूचीमा उल्लेखित सीमित सूचकहरूमा आधारित रही सम्पन्न गरिएको हो। अध्ययन सीमित समयावधिभित्र गरिएको हुँदा यसको दायरा संकुचित रहेको छ। साथै, मन्त्रालयमा उपलब्ध अनुभव, अवलोकन तथा निरीक्षणबाट प्राप्त जानकारी र द्धितीय तथ्यांकका आधारमा देखिएका सूचकहरूको विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

## ७. लैङ्गिक परीक्षणका सहभागीहरु

सामाजिक विकास मन्त्रालयको GESI परीक्षण प्रक्रियामा देहाय बमोजिमका सहभागिता रहेको थियोः

- मन्त्रालयका प्रदेश सचिव श्री उद्दव प्रसाद रिजाल
- लैससास परीक्षण कार्यदलका सदस्यहरू

  सामाजिक विकास महाशाखा प्रमुख — श्री दुर्गा भण्डारी बराल- संयोजक

योजना हेर्ने शाखा अधिकृत, श्री निर्मला चौलागाई - सदस्य
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अधिकृत प्रतिनिधि, श्री मदन खनाल —सदस्य
सामाजिक विकास मन्त्रालयका लैससास फोकल पर्सन, श्री रोसुना कोईराला —सदस्य सचिव

- विभिन्न महाशाखा प्रमुखज्यूहरु
- विभिन्न शाखामा कार्यरत शाखा प्रमुखहरु तथा कर्मचारीहरू

## ८. लैङ्गिक परीक्षणको विश्लेषणका औजारहरु:

लैङ्गिक परीक्षणको विश्लेषण गर्नका लागि तपसिलका औजारहरु प्रयोग गरिएको थियो ।

- कार्यविधिको अनुसूची—१ बमोजिमका ५० वटा सूचक
- अनुसूची—३ बमोजिमको SWOT विश्लेषण (सबल/दुर्बल/अवसर/चुनौती)
- अनुसूची—४ बमोजिमको उपलब्धि
- अनुसुची ५ बमोजिमको कार्ययोजना
- मन्त्रालयका सबै कर्मचारीहरुको सहभागितात्मक छलफल सहितको मूल्याङ्कन विधि
- Document अध्ययन, स्थलगत अवलोकन

## ९. लैङ्गिक परीक्षणबाट आएका मुख्य प्राप्तिहरु:

अनुसूची-१ को मूल्याङ्कनका आधारमा प्राप्त मुख्य उपलब्धिहरू निम्न बमोजिम रहेका छन्ः

- समावेशी योजना तर्जुमाः प्रदेश योजना आयोगसँगको समन्वयमा स्थानीय तहका सरोकारवालाहरूको सुझाव संकलन गरी आयोजना बैंक तयार गर्ने कार्यमा सहभागितामूलक पद्धति अपनाइएको छ।
- निर्णायक तहमा प्रतिनिधित्वः मन्त्रालयको कुल जनशक्तिमा महिलाको प्रतिनिधित्व ३३ प्रतिशतभन्दा माथि रहनु र महत्वपूर्ण निर्णय प्रक्रियामा उनीहरूको सहभागिता सुनिश्चित हुनु सकारात्मक पक्ष हो।
- लक्षित सेवा प्रवाहः सन्थाल, मुसहर जस्ता अति सीमान्तकृत समुदायका लागि विशेष क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिएको छ।
- भौतिक पहुँचः अपाङ्गता भएका व्यक्तिहरूका लागि र्याम्प र पहुँचयुक्त शौचालयको व्यवस्था हुनुका साथै महिला कर्मचारीका लागि स्तनपान समय व्यवस्थापन र महिला शौचालयमा स्यानिटरी प्याडको व्यवस्थापन गरिएको छ।

- अपाङ्गता छात्रवृत्ति र संरक्षणः खगेन्द्र नवजीवन केन्द्र मार्फत पूर्ण अशक्तहरूको निःशुल्क हेरचाह र अपाङ्गता भएका विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरी शिक्षामा पहुँच पुर्याइएको छ।
- लैङ्गिक हिंसा पीडीत र प्रभावित महिला तथा किशोरीहरुलाई संरक्षणका लागि दीर्घकालीन पुनर्स्थापना गृह संचालनमा रहेको छ ।

## १०. लैससास बजेट परीक्षण विधिबाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था

यस परीक्षणबाट सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था उत्तम रहेको पाइयो जसमा यस मन्त्रालयलको ६७.७१% नतिजा प्राप्त भयो । जसको क्षेत्रगत प्राप्तिहरु तपसिल बमोजिम रहेको देखियो :

| क.सं. | विषयक्षेत्र | कुल सूचक संख्या | प्राप्ताङ्क योग | प्रतिशत |
|---|---|---|---|---|
| १ | नीति, कानून, योजना तथा कार्यक्रम | १० (९ मूल्याङ्कित) | ७ | ७७.७७% |
| २ | संस्थागत व्यवस्था | १० | ७ | ७०% |
| ३ | मानव संसाधन तथा क्षमता विकास | १० (९ मूल्याङ्कित) | ७ | ७७.७७% |
| ४ | सुशासन तथा उत्तरदायित्व | १० | ४.५ | ४५% |
| ५ | सेवा प्रवाह | १० | ७ | ७०% |
| **जम्मा** | | **५० (४८ मूल्याङ्कित)** | **३२.५** | **६७.७१%** |

## ११. परीक्षणपश्चात सूचकहरुले प्राप्त गरेका अङ्क

कार्यविधिको अनुसूची १ मा रहेका प्रत्येक सूचकहरुले प्राप्त गरेका अङ्कहरु अनुसूची १ मा रहेको छ । र मन्त्रालयले उपलब्धी हासिल गरी पुर्णाङ्क प्राप्त गरेका सूचकहरु तपसिल बमोजिम राखिएको छ :

| क.सं. | सूचक | प्राप्ताङ्क |
|---|---|---|

| क्र.सं. | सूचक | प्रासाङ्क |
|---|---|---|
| १.१ | नीति तर्जुमामा सरोकारवालाको सुझाव कार्यान्वयन | १ |
| १.२ | नीति तथा कानूनी दस्तावेजमा लैससास संवेदनशीलता | १ |
| १.४ | कानूनहरूको पहुँचयोग्यता (वेबसाइटमा) | १ |
| १.५ | वार्षिक बजेटमा लैङ्गिक तथा समावेशी कार्यक्रम | १ |
| १.६ | लक्षित बर्गलाई प्रत्यक्ष लाभ पुग्ने योजना तर्जुमा | १ |
| १.८ | लैससास नीतिको प्रावधान बमोजिम बजेट विनियोजन | १ |
| २.१ | निर्णायक तहमा महिला तथा वञ्चित समुदायको प्रतिनिधित्व | १ |
| २.३ | तालिम,अध्ययन,भ्रमण,जिम्मेवारी प्रदान गर्दा बञ्चितिकरणका समुदायको प्रतिनिधित्व | १ |
| २.४ | लैससास सम्पर्क व्यक्ति तोकिएको अवस्था | १ |
| २.६ | मन्त्रालयमा गठित समिति,उपसमिति र कार्यदलमा जेसीमैत्री सहभागिता | १ |
| २.१० | नागरिक सहायतातथा सोधपुछ कक्षको व्यवस्था | १ |
| ३.१ | जेसी विकासको लागि बजेट विनियोजन एवं खर्च कार्यविधिको व्यवस्था | १ |
| ३.३ | जेसीमैत्री भवन संरचनाको अवस्था | १ |
| ३.४ | लैससास तालिम दिन सक्ने मानवीय स्रोतको अवस्था | १ |
| ३.८ | महिला विरुद्ध हुने सबैखाले हिंसा निर्मुलका लागि बजेट कार्यक्रमको व्यवस्था | १ |

| क्र.सं. | सूचक | प्रासाङ्क |
|---|---|---|
| ३.९ | महिला विरुद्ध हुने सबैखाले हिंसा निर्मुलका लागि कार्यक्रम सञ्चालनको अवस्था | १ |
| ४.१ | जेसीमैत्री शौचालयको व्यवस्था | १ |
| ४.२ | महिला शौचालयमा स्यानिटरी प्याडको व्यवस्था | १ |
| ४.३ | जेसीमैत्री दृष्टिकोणबाट पूर्वाधार तथा अन्य संरचनाको अवस्था | १ |
| ५.४ | सार्वजनिक परीक्षण/सुनुवाइमा सरोकारवालाको उपस्थिति | १ |
| ५.५ | कार्यालयले प्रवाह गर्ने सेवाका बारेमा नागरिक वडापत्रको व्यवस्था | १ |
| ५.७ | लक्षित महिलामैत्री कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयनको अवस्था | १ |
| ५.८ | बैदेशिक रोजगारीमा जाने महिला तथा बञ्चितिकरणमा परेका समुदायका लागि क्षमता विकास कार्यक्रम कार्यान्वयनको अवस्था | १ |
| ५.९ | गुनासो सुन्ने अधिकारीको व्यवस्था र गुनासो सम्बोधन | १ |
| ५.१० | सेवा प्रवाहमा सहुलियतको व्यवस्था | १ |

## १२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु

**(क) सबल पक्षहरूः**

- नीति तर्जुमा तथा बजेट वक्तव्यमा लैससास संवेदनशील शब्दावली र प्रावधान समावेश गर्ने अभ्यास रहेको।
- निर्णायक तह (सचिव, महाशाखा प्रमुख) मा ३३% भन्दा बढी महिला प्रतिनिधित्व रहेको।
- लैससास फोकल पर्सन तोकिएको तथा लैससास सम्बन्धी दक्ष जनशक्ति यथेष्ट रहेको।
- गुनासो सुन्ने अधिकारी तोकी गुनासो पोर्टलमार्फत गुनासोहरुको सम्बोधन गर्ने व्यवस्था रहेको।

- सकारात्मक विभेदको नीति (तालिम, अध्ययन भ्रमण, जिम्मेवारीमा प्राथमिकता) कार्यान्वयनमा रहेको।
- महिला शौचालयमा स्यानिटरी प्याडको व्यवस्था भएको।
- नागरिक वडापत्र तर्जुमा भई पहुँचयोग्य ठाँउमा राखिएको ।

**(ख) सुधार गर्नुपर्ने पक्षहरू / चुनौतीहरूः**

- नीति तथा कानून निर्माणमा सुझाव संकलन गरे पनि पूर्ण कार्यान्वयन हुन नसकेको।
- लैससास सम्बन्धी कानूनहरूको कर्मचारीस्तरमा नियमित अभिमुखीकरण हुन नसकेको।
- लैङ्गिक हिंसा उजुरीको लागि छुट्टै संयन्त्र नभएको।
- यौन शोषण तथा दुव्र्यवहार विरुद्धको नीति तथा आचारसंहिता निर्माण नभएको।
- सार्वजनिक परीक्षण/सुनुवाइ नियमित रूपमा हुन नसकेको।
- सेवाग्राही सन्तुष्टि सर्वेक्षण फाराम तर्जुमा हुन नसकेको जसका कारण सर्वेक्षण नभएको।
- स्थानीय भाषामा सेवा सामग्री उपलब्ध नभएको।
- कार्यस्थलमा हुनसक्ने लैङ्गिक हिंसा वा यौनजन्य दुर्व्यवहार विरुद्ध उजुरी सुन्ने छुट्टै संयन्त्र र स्पष्ट आचारसंहिताको कमी देखिएको ।
- मन्त्रालयका कार्यक्रमहरूबाट लाभान्वित भएकाहरूको खण्डीकृत तथ्याङ्क (लैङ्गिक, जातीय र अपाङ्गताका आधारमा) तयार नभएको र भएका तथ्याङ्कहरु समेत सार्वजनिकीकरण गर्ने प्रणाली कमजोर रहेको ।
- अघिल्ला परीक्षणहरूले दिएका सुझावहरूलाई वार्षिक कार्यक्रम र बजेटमा पूर्ण रूपमा आन्तरिकीकरण गर्न चुनौती देखिएको ।
- सेवा प्रवाह र सूचना सम्प्रेषण गर्दा स्थानीय भाषाहरूको प्रयोग हुन नसक्दा सबै नागरिकमा सूचनाको समान पहुँच पुग्न नसकेको ।

## १३. लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना

GESI परीक्षणका क्रममा पहिचान गरिएका दुर्बल पक्षहरूलाई सम्बोधन गर्न कार्यविधिको अनुसूची—५ बमोजिम विस्तृत कार्ययोजना तर्जुमा गरिएको छ। सो कार्ययोजनामा निम्न विषयहरू समावेश छन्ः

- नीति, कानून, योजना तथा कार्यक्रम सुधार
- संस्थागत व्यवस्था सुदृढीकरण

- मानव संसाधन तथा क्षमता विकास
- सुशासन तथा उत्तरदायित्व अभिवृद्धि
- सेवा प्रवाहमा सुधार

## १४. निष्कर्ष

सामाजिक विकास मन्त्रालयको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्दा कुल ५० पूर्णाङ्कमा यस मन्त्रालयसंग २ वटा सूचक असम्बन्धित रहेका पाइयो र कार्यदलको मिति २०८२/१०/२९ मा बसेको बैठकले उक्त असम्बन्धित सूचकहरुलाई कुल सूचकबाट हटाई सो सुचकलाई असम्बन्धित (N/A) राख्ने र बाँकी सूचकहरुलाई सतप्रतिशत मानी मूल्याङ्कन गर्ने निर्णयानुसार मुल्याङ्कन भएका कुल ४८ वटा सूचकहरुमा मन्त्रालयले ३२.५ अङ्क प्राप्त गरी ६७.७१ प्रतिशत प्राप्त गरेको छ । जसका आधारमा मन्त्रालयको अवस्था उत्तम (कार्यविधिको व्यवस्था अनुसार ६०% भन्दा बढी अङ्क प्राप्त गर्दा उत्तम हुने ) देखिएको छ।

मन्त्रालयले नीति र योजना निर्माणमा, संस्थागत संरचनामा मानव संसाधन तथा क्षमता विकासमा सुसासन र सेवाप्रवाहका ५ वटै क्षेत्रमा लैससासका सवालहरूलाई केहि समेट्ने प्रयास गरेको छ। यद्यपि जेसी अडिटका लागि बजेटको व्यवस्था नभएको साथै अगिल्लो आर्थिक बर्षमा जेसी अडिटबाट प्राप्त सुझावहरुलाई कार्यान्वयन नभएको, मन्त्रालयमा लैङ्गिक हिंसा तथा कार्यालयमा हुने यौनहिंसा सुनुवाईका लागि छुट्टै संयन्त्र नवनाएको, लैससासमैत्री खण्डीकृत तथ्याङ्क व्यवस्थापन नभएको, गर्भवती तथा सुत्केरी महिलाहरुका लागि आरामकक्षको व्यवस्था नभएको, यौनशोषण तथा दुर्व्यवहार विरुद्धको आचारसंहिता नवनेको, नागरिक सन्तुष्टि सर्वेक्षण नभएको साथै सार्वजनिक सुनुवाई तथा नागरिक अनुगमन नभएको लगायतका क्षेत्रमा सुधार गर्नुपर्ने देखिन्छ । यस प्रतिवेदनमा समेटिएको कार्ययोजना कार्यान्वयन भएमा आगामी वर्ष मन्त्रालय अझ बढी समावेशी र लैङ्गिकमैत्री हुने निष्कर्ष निकालिएको छ।

## १५. सुझाव

यस कार्यदलले सामाजिक विकास मन्त्रालयलाई लैङ्गिक संबेदनशिलता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट सबल बनाउनका लागि माथि उल्लिखित ५ वटै क्षेत्रमा उल्लेख्य कार्य गरेको तथा भइरहेको देखिएको छ तथापी यसलाई आगामी दिनमा समेत अझ थप सशक्त बनाउदै अझै समावेशी तथा लैङ्गिकमैत्री बनाउनका लागि तपसिलका सुझावहरु प्रस्तुत गरिएको छ :

- आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रम तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट (GRB) संकेत स्पष्ट रूपमा उल्लेख गरी बजेट विनियोजन गर्नुपर्ने।
- आगामी बजेट तथा कार्यक्रम तर्जुमा गर्दा यस अडिटले औंल्याएका सुधारका क्षेत्रहरुलाई समेत समावेश गरी तर्जुमा गर्नुपर्ने ।

- मन्त्रालय र मातहतका निकायहरुमा कार्यरत कर्मचारीहरूका लागि लैससास मूलप्रवाहीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने।
- मन्त्रालयबाट हुने सेवा र सूचनाहरू अपाङ्गता भएका व्यक्तिहरू र अल्पसङ्ख्यक समुदायको पहुँचमा पुऱ्याउन विशेष सहायता कक्ष र ब्रेल वा सांकेतिक भाषाको प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने।
- सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण गर्नुपर्ने । जसका लागि विगत बर्षमा जस्तो सरोकारवाला सँग बसेर सार्वजनिक सुनुवाई गर्नुपर्ने यस मन्त्रालयका कार्यक्रमहरु नरहेकाले मन्त्रालयले सम्पादन गरेका सम्पुर्ण कार्यक्रमहरुको प्रगतिलाई नियमित रुपमा वेवसाईट तथा सूचना प्रविधिका माध्यममा सार्वजनिक गरी सेवा प्रवाहमा जवाफदेहिता तथा पारदर्शिता कार्यम गर्न सकिने ।
- मन्त्रालयमा लैङ्गिक हिंसा तथा कार्यालयमा हुने यौनहिंसा सुनुवाईका लागि छुट्टै गुनासो सुन्ने संयन्त्रको व्यवस्था हुनुपर्ने ।
- लैससासमैत्री खण्डीकृत तथ्याङ्क व्यवस्थापनका लागि छुट्टै सफ्टवेयर तथा हाल भएका तथ्याङ्कहरुलाई समेत एकीकृत गर्नुपर्ने ।
- यौनशोषण तथा दुर्व्यवहार विरुद्धको आचारसंहिता बनाई कार्यान्वयन गर्नुपर्ने ।
- नागरिक सन्तुष्टि सर्वेक्षण फाराम विकास गरी सर्वेक्षण गर्नुपर्ने ।
- लैससास परीक्षणलाई नियमित रुपमा गरी संस्थागत गर्नुपर्ने ।

## १६. अनुसूचीहरु

क. सामाजिक विकास मन्त्रालयको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण सूचक (प्राप्ताङ्क र प्रमाणीकरण आधार सहितको) कार्यविधि अनुसूची १ लाई यसैसाथ संलग्न राखिएको छ ।

ख. सामाजिक विकास मन्त्रालयको लैससास सबल र दुर्बल पक्ष तथा अवसर र चुनौती विश्लेषण तालिका अनुसूची ३ मा तपसिल बमोजिम राखिएको छ ।

ग. लैससास परीक्षणबाट प्राप्त प्रमुख उपलब्धीहरु कार्यविधिको अनुसूची ४ मा तयार पारी यसैसाथ संलग्न राखिएको छ ।

घ. लैससास कार्यान्वयन कार्ययोजनालाई कार्यविधिको अनुसूची ५ मा तयार पारी यसैसाथ संलग्न राखिएको छ ।

ङ. परीक्षणमा सहभागीको नामावली तथा छलफल गर्दाका चरणबद्ध माईन्यूट तथा बैठकका निर्णयहरुलाई यसैसाथ संलग्न राखिएको छ ।

च. लैङ्गिक परीक्षण कार्यक्रमका केही झलकहरुलाई यसैसाथ राखिएको छ ।

छ. छलफलका क्रमका र अन्य परीक्षणका चरणका तस्बीरहरु तपसिल बमोजिम रहेको छ ।

# अनुसूची-१

## (दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका लागि विषयगत सूचकहरु

| **विषयक्षेत्र** | **सूचक** | **१ अङ्क आउने अवस्था** | **०.५ अङ्क आउने अवस्था** | **० अङ्क आउने अवस्था** | **प्रमाणीकरणको आधार** | **प्राप्ताङ्क** | **कारण** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| **१.नीति, कानून, योजना तथा कार्यक्रम** | १.१ नीति, कानून तथा समावेशी तथा सहभागीमूलक विकासका लागि योजना तर्जुमा तथा समीक्षा गर्दा सरोकारवाला महिला तथा सामाजिक रूपमा पछाडि पारिएको वर्ग समुदायका प्रतिनिधि तथा सरोकारवालाको सुझाव कार्यान्वयनको अवस्था | सुझाव लिई कार्यान्वयन गर्ने गरेको | सुझाव लिने गरेको तर कार्यान्वयन नगरेको | सुझाव लिने नगरेको | • मन्त्रालय तथा कार्यालय र प्रदेशको कानून, नीति, योजना निर्माणको क्रममा सुझाव लिएको प्रतिवेदन | १ | १.प्रदेश योजना आयोगसंग को सहकार्यमा आयोजना बैकका लागि स्थानीय तहमा सहभागितामुलक सरोकारवालाको सुझाव संकलन भएको देखिएको।<br>२. यस मन्त्रालयको समिक्षा र MDAC बैठकमा सरोकारवालाको सहभागिता रहेको देखिएको । | |
| | १.२ नीति तथा कानूनी दस्तावेज र मस्यौदाको विषयवस्तु, शब्द चयन र प्रावधानमा लैससास | सबै नीति तथा कानूनी दस्तावेज र मस्यौदा | केही मात्रामा लैससास संवेदनशी | लैससास संवेदनशील, समावेशी र सहभागीमूलक | • नीति तथा कानूनी दस्तावेज | १ | १. बार्षिक बजेट, नीति तथा कार्यक्रम का बुदाहरुमा साथै मन्त्रालयबाट तर्जुमा भएका नीति कानूनहरुको | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | संवेदनशीलता, समावेशीता र सहभागिता | विषयवस्तु, शब्द चयन र प्रावधान लैससास संवेदनशील, समावेशी र सहभागीमूलक भएका | ल, समावेशी र सहभागी मूलक भएका | नभएका | | | शब्द चयनमा लैससास संवेदनशीलता अबलम्बन गरिएको देखिएको । | |
| | १.३ मन्त्रालय तथा मातहतका निकाय / कार्यालयले जारी गरेका लैससास सम्बन्धी कानूनहरूको विषयमा कर्मचारी, प्रतिनिधि र सरोकारवालाहरूलाई अभिमुखीकरणको अवस्था | कम्तीमा ३ वर्षदेखि नियमित अभिमुखीकरण गर्ने गरेको | पछिल्लो ३ वर्षमा आंशिक रूपमा अभिमुखीकरण गर्ने गरेको | अभिमुखीकरण गर्ने नगरिएको | • वार्षिक बजेट तथा कार्यक्रम, उपस्थिति प्रतिवेदन | १ | १।माननीय मन्त्रीज्यूको अध्यक्षतामा नगरपालिका संघ, गाँउपालिका संघ लगायत सरोकारवाला निकायका प्रमुखहरु सहितको बैठकमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बैठक सम्पन्न भएको । | |
| | १.४ प्रदेश सरकार तथा अन्तर्गतका मन्त्रालयले जारी गरेका कानूनहरूको पहुँचयोग्यता | सबै कानूनहरू सबैको पहुँचयोग्य हुने गरी वेबसाइटमा राखेको | केही मात्र कानूनहरू सबैको पहुँचयोग्य हुने गरी वेबसाइट | कानूनहरू सबैको पहुँचयोग्य हुने गरी वेबसाइटमा नराखिएको | • वेबसाइटको स्क्रिनसट वा लिङ्क | १ | १। मन्त्रालयले जारी गरेका सम्पुर्ण कानूनहरु वेवसाइटमा सार्वजनिक भएको देखिएको । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | मा राखेको | | | | | |
| | १.५ वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासका लागि नीति, रणनीति र कार्यक्रम | वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासका लागि नीति तथा कार्यक्रम समावेश भई बजेट विनियोजन भई कार्यान्वयनमा आएको | बजेट विनियोजन भएको तर कार्यान्वयनमा नआएको | समावेश नगरिएको | • वार्षिक बजेट तथा कार्यक्रम, कार्यप्रगति प्रतिवेदन | १ | १। आ.ब. २०८१/८२ को नीतिमा, बजेटमा महिला, बालबालिका, अपाङ्गता, ज्येष्ठ नागरिक, LGBTIQ, लगायतको वर्गहरुलाई छुट्टा छुट्टै शीर्षकमा बजेट विनियोजन भएको देखिएको । | |
| | १.६ महिला, बालबालिका तथा पछाडि पारिएको वर्ग क्षेत्र, समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना तर्जुमाको अवस्था | प्रत्यक्ष लाभ पुग्ने योजनाहरू वार्षिक कार्यक्रममा समावेश भई कार्यान्वयन भएको | समावेश भएको तर कार्यान्वयन नभएको | समावेश नभएको | कार्यान्वयन गरेको योजनाको सूची | १ | १। अपाङ्गता लक्षित DPRP कार्यक्रम सञ्चालन भएको देखिएको ।<br>२। सन्थाल जातिका महिलाहरुलाई क्षमता विकास तालिम कार्यक्रम भएको ।<br>३।विपन्न महिला दलितहरुको उत्थानका लागि कार्यक्रम भएको देखिएको<br>४। उत्कृष्ट महिला उद्यमीहरुलाई प्रोत्साहन कार्यक्रम रहेको । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १.७ लैङ्गिक उत्तरदायी बजेट निर्देशिका अनुरूप प्रदेश विषयगत मन्त्रालय बजेट सूचना प्रणालीमा लैङ्गिक उत्तरदायी बजेट संकेत प्रविष्टिको अवस्था | लैङ्गिक उत्तरदायी बजेट निर्देशिका अनुरूप पूर्ण रूपमा लैङ्गिक उत्तरदायी बजेट संकेत प्रविष्टि गरिएको | आंशिक रूपमा लैङ्गिक उत्तरदायी बजेट संकेत प्रविष्टि गरिएको | लैङ्गिक उत्तरदायी बजेट संकेत प्रविष्टि नगरिएको | बजेट सूचना प्रणालीको प्रविष्टिखण्ड | N/A | PLMBIS आर्थिक मामिला तथा योजना मन्त्रालयले सञ्चालन गर्ने गरेको । | |
| | १.८ महिला, बालबालिका तथा पछाडि पारिएका समूहका लागि लैससास नीतिको प्रावधान अनुसार बजेट विनियोजनको अवस्था | बजेट विनियोजन भई कार्यान्वयन भएको | बजेट विनियोजन भएको तर कार्यान्वयन नभएको | बजेट विनियोजन नभएको | वार्षिक कार्यक्रम तथा बजेट, प्रगति प्रतिवेदन | १ | आ.ब. २०८१/८२ बार्षिक बजेटमा लैससास नीतिको प्रावधान अनुसार बजेट विनियोजन भएको । | |
| | १.९ लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण गर्न बजेट व्यवस्था | बजेट व्यवस्था गर्ने गरेको | बजेट व्यवस्था गरेको तर परीक्षण गर्ने नगरेको | बजेट व्यवस्था नगरेको र परीक्षण गर्ने नगरेको | बजेट तथा कार्यक्रम, परीक्षण प्रतिवेदन | ० | नभएको । | |
| | १.१० लैससास परीक्षणमा | वार्षिक | वार्षिक | समावेश नभएको | बजेट तथा कार्यक्रम, | ० | नभएको । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | औंल्याइएका सुधार, सुझावहरू कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेशको अवस्था | योजनामा समावेश भई कार्यान्वयनमा आएको | योजनामा समावेश भएको तर कार्यान्वयनमा नआएको | | कार्यान्वयन प्रतिवेदन | | | |
| | कुल अङ्क | | १ | | | ७ | | |
| **२. संस्थागत व्यवस्था** | २.१ निर्णायक तहमा महिला तथा वञ्चितीकरणमा परेका समुदायको प्रतिनिधित्व (कम्तीमा सचिव, महाशाखा प्रमुख, कर्मचारी र नियुक्त पदाधिकारी) | कम्तीमा ३३ प्रतिशत प्रतिनिधित्व भएको | कम्तीमा २५ प्रतिशत प्रतिनिधित्व भएको | २५ प्रतिशत भन्दा कम प्रतिनिधित्व भएको | महिला तथा वञ्चितीकरणमा परेका व्यक्तिहरूको नामावली र उपस्थिति, बैठकको निर्णय | १ | नीर्णायक तहमा जेसी प्रतिनिधित्व ३३ प्रतिशत माथ रहेको । जसमा<br>१. मा. मन्त्री पाँचकर्ण राई<br>२. सचिव हेमराज तामाङ<br>३. महाशाखा प्रमुख दुर्गा बराल<br>४. महाशाखा प्रमुख लक्ष्मी न्यौपाने<br>५. महाशाखा प्रमुख शम्भु प्र. साह | |
| | २.२ श्रेणीविहीन र प्राविधिक कर्मचारीको करारमा पदपूर्ति गर्दा सबै जातजाति, लिङ्ग, वर्ग र समुदायको प्रतिनिधित्व | समानुपातिक प्रतिनिधित्व हुन सक्ने रणनीति बनाई कार्यान्वयनमा आएको | रणनीति बनेको तर कार्यान्वयनमा नआएको | रणनीति नबनेको | रणनीतिको दस्तावेज, भर्ना कर्मचारीको विवरण, विज्ञापनमा स्पष्ट रूपमा उल्लेख भएको | १ | दीर्घकालीन पुनर्थापना गृहमा आ ब २०८१/८२ मा ४ पद पदपूर्ति गरिएको मा सबै महिलाहरुको प्रतिनिधित्व गराइएको । । | |
| | २.३ कुनै अवसर (तालिम, अध्ययन, भ्रमण, जिम्मेदारी) | सकारात्मक विभेदको नीति | सकारात्मक | सकारात्मक विभेदको नीति | प्रतिनिधित्व गराउने सम्बन्धी नीति वा | १ | बैदेशिक भ्रमणमा गएका प्रतिनिधिहरु<br>१. दुर्गा भण्डारी बैदेशिक भ्रमण | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रदान गर्दा महिला तथा वञ्चितीकरणमा परेका समुदायबाट प्रतिनिधित्व भएका कर्मचारी / पदाधिकारीहरूलाई प्राथमिकता दिने गरी सकारात्मक विभेदको नीति अनुरूप प्रतिनिधित्वको अवस्था | निर्माण भई पूर्ण कार्यान्वयनमा आएको | विभेदको नीति निर्माण मात्र गरिएको तर आंशिक रूपमा मात्र कार्यान्वयनमा आएको | नगरिएको | निर्णय, प्रतिनिधित्व भएको कर्मचारी वा पदाधिकारीको विवरण | | २. जितेन्द्र राई, तालिममा सहभागी<br>३. लक्ष्मी न्यौपाने महाशाखाको जिम्मेवारी<br>४. शम्भु प्र. साह महाशाखा प्रमुखको जिम्मेवारी<br>५. शम्भु प्र. साह आर्थिक प्रशासन जिम्मेवारी | |
| | २.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण हेर्ने इकाइ / शाखा र कार्यान्वयन समितिको व्यवस्था वा लैससास सम्पर्क व्यक्ति तोकिएको अवस्था | व्यवस्था भएको | व्यवस्था गर्ने निर्णय भएको | व्यवस्था नभएको | इकाइ/शाखा र डेस्कको स्थापना गर्ने निर्णय वा नीति, स्थापना भएको प्रमाण | १ | लैङ्गिक सम्पर्क व्यक्ति शाखा अधिकृत रोसुना कोईरालालाई तोकिएको र Help Desk स्थापना भएको देखिएको । | |
| | २.५ मन्त्रालय तथा कार्यालयमा लैङ्गिक हिंसा सम्बन्धी उजुरी दर्ता गर्ने संयन्त्रको व्यवस्था | छुट्टै उजुरी संयन्त्रको व्यवस्था भएको | कानूनमा भएको व्यवस्था बमोजिम निर्णय भई कार्यान्व | कुनै पनि निर्णय नभएको | उजुरी संयन्त्र सम्बन्धी निर्णय पुस्तिका, प्राप्त गुनासा वा परामर्श तथा फछ्र्यौटको विवरण | ० | लैङ्गिक हिंसा सम्बन्धी उजुरी दर्ता गर्ने छुट्टै संयन्त्र नभएको । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | यनमा आएको | | | | | |
| | २.६ मन्त्रालय तथा अन्तर्गत कार्यालयका विभिन्न विषयगत समिति, उपसमिति र कार्यदलमा महिला तथा सामाजिक रूपमा पछाडि पारिएका वर्ग, समुदायहरूको सहभागिता तथा प्रतिनिधित्वको अवस्था | ३३ प्रतिशत भन्दा बढी प्रतिनिधित्व रहेको | १० देखि ३३ प्रतिशत सम्म प्रतिनिधित्व रहेको | १० प्रतिशत भन्दा कम प्रतिनिधित्व रहेको | समितिको संरचना र नाम सहितको विवरण | १ | मन्त्रालयबाट गठन भएका बजेट समिति, MTEF समिति, तहवृद्धि समिति, O&M समिति लगायतका समितिमा सबै वर्ग समुदायको सहभागिता रहेको देखिएको । | |
| | २.७ लैससासमैत्री खण्डीकृत तथ्याङ्क सङ्कलन तथा व्यवस्थापनको अवस्था | पूर्ण रूपमा व्यवस्थापन गर्ने गरिएको | आंशिक रूपमा मात्र भएको | कुनै पनि व्यवस्था नभएको | बैठक पुस्तिका र निर्णय, तथ्याङ्क अद्यावधिक प्रतिवेदन | ०.५ | खण्डीकृत तथ्याङ्क बालबालिकाको र अपाङ्गता भएका व्यक्तिहरुको रहेको तर पुर्ण रुपमा तथ्याङ्क नभएको । | |
| | २.८ खण्डीकृत तथ्याङ्कको सार्वजनिकीकरण | अर्धवार्षिक रूपमा नियमित सार्वजनिकीकरण गरेको | वार्षिक रूपमा सार्वजनिकीकरण नगरेको | सार्वजनिकीकरण नगरेको | सार्वजनिकीकरण प्रतिवेदन | ० | तथ्याङ्क सार्वजनिकीकरण नभएको । | |
| | २.९ खण्डीकृत तथ्याङ्कको विश्लेषण र नीति तथा योजना तर्जुमामा प्रयोग | खण्डीकृत तथ्याङ्कको विश्लेषण भई सोही तथ्याङ्कमा आधारित भएर | विश्लेषण हुने गरेको तर सोही तथ्याङ्कमा आधारित | खण्डीकृत तथ्याङ्कको विश्लेषण गर्ने नगरेको | तथ्याङ्क विश्लेषण तथा समीक्षा प्रतिवेदन, वार्षिक नीति, कार्यक्रम तथा बजेट | ०.५ | १। DPRP कार्यक्रम बनाउदा प्रत्येक पालिकाका अपाङ्गता भएका व्यक्तिहरुको विश्लेषण गरेर गरेको देखिएको ।<br>२। ज्येष्ठ नागरिकको विवरण माग गरी दिवासेवाका लागि बजेट | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | नीति तथा योजना तर्जुमा गर्ने गरेको | भएर नीति तथा योजना तर्जुमा गर्ने नगरेको | | | | विनियोजन भएको देखिएको । | |
| | २.१० नागरिक सहायता तथा सोधपुछ कक्षको व्यवस्था | भएको र प्रभावकारी रूपमा कार्य भएको | स्थापना भएको तर प्रभावकारी नदेखिएको | स्थापना नै नभएको | व्यवस्थित नागरिक सहायता तथा सोधपुछ कक्ष | १ | हेल्पडेक्स स्थापना भएको देखिएको । | |
| | जम्मा | | | २ | | ७ | | |
| **३. मानव संसाधन तथा क्षमता विकास** | ३.१ लैङ्गिक तथा समावेशी विकासको लागि बजेट विनियोजन एवं खर्च गर्ने कार्यविधि | छुट्टै शीर्षकमा बजेट विनियोजन हुने गरेको र यस्तो रकम खर्च गर्ने कार्यविधि भएको | छुट्टै शीर्षकमा बजेट विनियोजन हुने गरेको तर खर्च गर्ने कार्यविधि स्वीकृत | छुट्टै शीर्षकमा बजेट विनियोजन नभएको | वार्षिक बजेट किताब र खर्च गर्ने कार्यविधि | १ | आ.ब. २०८१/८२ को मन्त्रालयको कार्यक्रम कार्यान्वयन मार्गदर्शन स्वीकृत गरी खर्च गर्ने गरेको देखिएको । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नभएको | | | | | |
| | ३.२ मन्त्रालयमा तथा मातहतका निकायमा कार्यरत कर्मचारीको दक्षता / सीप अभिवृद्धि कार्यक्रम कार्यान्वयन गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्ति, जनजाति लगायत वञ्चितीकरणमा परेको वर्ग वा समुदायको प्रतिनिधित्व गर्ने कर्मचारी वा पदाधिकारीको सहभागिता | ४० प्रतिशत भन्दा बढी लक्षित समुदायको प्रतिनिधित्व गर्ने कर्मचारीको सहभागिता भएको | २५ देखि ४० प्रतिशत सम्म सहभागिता भएको | २५ प्रतिशत भन्दा कम सहभागिता भएको | कर्मचारीको विवरण, तालिममा सहभागी कर्मचारीको विवरण | १ | शिक्षा तर्फका नवनियुक्त प्राविधिक सहायकहरुलाई क्षमता विकास तथा सेवा प्रवेश तालिम सञ्चालन गर्दा ४० प्रतिशत भन्दा बढी लक्षित समुदायको प्रतिनिधित्व भएको । | |
| | ३.३ भवन आचारसंहिता तथा कार्यालयको भौतिक संरचना तयार गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना तयार गरिएको | मापदण्ड अनुरूप शत प्रतिशत तयार भएको | आंशिक रूपमा मात्र तयार भएको | नभएको | संरचनाको कार्यसम्पन्न प्रतिवेदन, भवन वा संरचनाको नक्सा, डिजाइन | १ | मन्त्रालय परिषरमा पहुँचयुक्त शौचालय सहितको भवन संरचना तयार भएको देखिएको । | |
| | ३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्बन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने मानवीय स्रोतको अवस्था | यथेष्ट मानवीय स्रोत रहेको | न्यून मानवीय स्रोत रहेको | नरहेको | विषयगत तालिम प्राप्त जनशक्ति सङ्ख्या विवरण | १ | हेमराज तामाङ<br>दुर्गा भण्डारी बराल<br>लक्ष्मी न्यौपाने<br>राजकुमारी राई<br>रोसुना कोईराला | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | निर्मला चौलागाई<br>सुनिता भट्टराई | |
| | ३.५ विपद् व्यवस्थापनसँग सम्बन्धित विषयगत समितिमा लक्षित वर्गको प्रतिनिधित्व | कार्यविधि अनुरूप भएको | आंशिक रूपमा मात्र भएको | नभएको | विपद् व्यवस्थापन सम्बन्धी मापदण्ड, रणनीति, कार्यविधि | ०.५ | यस मन्त्रालयसंग सम्बन्धित विपद् व्यवस्थापन सँग सम्बन्धित Protection Cluster को समितिमा आंशिक रुमा लक्षित वर्गको प्रतिनिधित्व रहेको । | |
| | ३.६ प्रदेश सरकारको विपद् सम्बन्धी तथ्याङ्क सङ्कलन, नक्साङ्कन तथा व्यवस्थापनमा लाभान्वित समूहका महिला तथा वञ्चितीकरणमा परेको समुदाय समेतको खण्डीकृत तथ्याङ्क राखी आपतकालीन कार्य सञ्चालन तथा राहत वितरण | पूर्ण रूपमा खण्डीकृत तथ्याङ्क राखी कार्य सञ्चालन तथा राहत वितरण गर्ने गरेको | आंशिक तथ्याङ्क राखी कार्य सञ्चालन तथा राहत वितरण गर्ने गरेको | तथ्याङ्क नराखी कार्य सञ्चालन तथा राहत वितरण गर्ने गरेको | तथ्याङ्क सङ्कलन तथा राहत वितरणको सूची | ०.५ | आ.ब. २०८१/८२ मा भएको विपदबाट विद्यालयमा भएको क्षतिको तथ्याङ्क संकलन गरी आंशिक रुपमा कार्य सञ्चालन भएको तथा राहत वितरण भएको । | |
| | ३.७ प्रदेश सरकारको विपद् व्यवस्थापन कोष सञ्चालक समितिमा महिला तथा वञ्चितीकरण परेको समुदाय समेतको सहभागिता | कानून बमोजिमको प्रतिनिधित्व भएको | आंशिक मात्र प्रतिनिधित्व भएको | नभएको | सञ्चालक समितिको मनोनयन सम्बन्धी निर्णय | N/A | विपद व्यवस्थापन कोष आन्तरिक मामिला तथा कानून मन्त्रालयमा रहेको । | |
| | ३.८ महिला विरुद्ध हुने सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरूका लागि बजेट विनियोजन र कार्यक्रम | कार्यक्रम अनुसारको बजेट विनियोजन | कार्यक्रम हरू रहे पनि सो अनुसार | कार्यक्रमहरू नरहेको | बजेट विवरण तथा सञ्चालित कार्यक्रम सङ्ख्या, मिति र उपस्थिति विवरण | १ | यथेष्ट कार्यक्रम र बजेट व्यवस्थापन देखिएको । जस्तै<br>महिला हिंसा विरुद्धको १६ दिने अभियानका लागि कार्यक्रम र बजेट | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालन | गरी कार्यक्रम समयमै सम्पन्न हुने गरेको | को बजेट विनियोजन तथा सञ्चालन नभएको | | | | लैङ्गिक हिंसा पीडित र प्रभावित किशोरी र बालिकाका लागि बजेट स्थानीय तहले सञ्चालन गरेको safe house संचालन अनुदान<br>पुर्णअशक्त अपाङ्ग व्यक्तिहरुको व्यवस्थापनका लागि खगेन्द्र नवजिवन केन्द्र भद्रपुरलाई अनुदान | |
| | ३.९ मन्त्रालय तथा अन्तर्गत कार्यालयबाट महिला विरुद्ध सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू सञ्चालनको अवस्था | कार्यक्रम सञ्चालन गर्ने गरिएको | कार्यक्रम सञ्चालन गर्ने गरिए तापनि प्रभावकारी नभएको | कार्यक्रम सञ्चालन नगरिएको | कार्यक्रमको उपस्थिति तथा निर्णय पुस्तिका | १ | यथेष्ट कार्यक्रमहरु सञ्चालन गरिएको । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ३.१० प्रदेश सरकार तथा अन्तर्गत कार्यालयका कर्मचारी तथा पदाधिकारीका लागि लैससासमैत्री कानून निर्माण प्रक्रिया सम्बन्धी अभिमुखीकरण | आवश्यक बजेट विनियोजन भई लैससासमैत्री कानून निर्माणको बारेमा अभिमुखीकरण भएको | आवश्यक बजेट विनियोजन भएको तर अभिमुखीकरण नभएको | बजेट विनियोजन नभएको | वार्षिक बजेट तथा कार्यक्रम, अभिमुखीकरण कार्यक्रमको सङ्ख्या र उपस्थिति विवरण | ० | बजेट विनियोजन नभएको देखिएको । | |
| | जम्मा | | | ३ | | ७ | | |
| ४. **सुशासन तथा उत्तरदायित्व** | ४.१ अपाङ्गमैत्री, बालमैत्री भवन, शौचालय, खानेपानी तथा महिला र पुरुष कर्मचारीको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था | अपाङ्गमैत्री, बालमैत्री भवन, शौचालय, खानेपानीको व्यवस्था भएको साथै महिला र पुरुष कर्मचारीको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था भएको | बजेट तथा कार्यक्रम रहेको | बजेट तथा कार्यक्रम नरहेको | निर्माण सम्पन्न संरचनाहरू वा निर्माणाधीन संरचनाहरू | १ | पहुँचयुक्त शौचालय सहितको भवन रहेको देखिएको । | |
| | ४.२ महिला शौचालयमा | उपलब्ध | स्यानिट | स्यानिटरी | स्यानिटरी प्याड | १ | उपलब्ध भएको देखिएको । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | स्यानिटरी प्याडको उपलब्धता | गराइएको | री प्याड राख्ने गरिएको तर प्याड व्यवस्थापनको लागि बजेट तथा कार्यक्रम नरहेको | प्याडको व्यवस्थापन नभएको | सहितको महिलाहरूको छुट्टै शौचालय, डस्टबिन र प्याड व्यवस्थापन स्थान | | | |
| | ४.३ गर्भवती तथा सुत्केरी कर्मचारीहरूको लागि आराम गर्ने कक्ष र २ वर्ष सम्मका बालबालिका भएका महिला कर्मचारीका लागि शिशु स्याहार तथा स्तनपान गर्ने समय व्यवस्थापन | पूर्ण रूपमा समय व्यवस्थापन भएको | समय व्यवस्थापन भएको तर कार्यान्वयनमा नआएको | नभएको | व्यवस्थित आराम कक्ष, निर्णयका दस्तावेजहरू | ०.५ | आरामकक्ष नदेखिएको तथा कर्मचारीका लागि शिशुस्याहार तथा स्तनपान गर्ने समय व्यवस्थापन भएको देखिएको । | |
| | ४.४ बालबालिका, अपाङ्गमैत्री, लैङ्गिक संवेदनशीलता (यौनिक अल्पसङ्ख्यक सहित) को दृष्टिकोणबाट पूर्वाधार तथा अन्य संरचनाको अवस्था | पूर्वाधार तथा अन्य संरचना बालबालिका, अपाङ्गमैत्री, लैङ्गिक संवेदनशील मैत्री | निर्माणका लागि डिपिआर मात्र तयार गरिएको | नभएको | पूर्वाधार तथा अन्य संरचना, विस्तृत परियोजना प्रतिवेदन | १ | लैङ्गिक संवेदनशीलता सहितको संरचना देखिएको । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | (यौनिक अल्पसङ्ख्यक सहित) भएको | | | | | | |
| | ४.५ मन्त्रालय, कार्यालयमा यौन शोषण तथा दुव्र्यवहार विरुद्ध नीति र आचारसंहिता निर्माण | नीति र आचारसंहिता निर्माण गरिएको | नीति र आचारसंहिता बन्दै गरेको | नीति र आचारसंहिता निर्माण नगरिएको | आचारसंहिता, आचारसंहिता निर्माणका लागि गरिएको निर्णय | ० | नीति र आचारसंहिता निर्माण भएको नदेखिएको । | |
| | ४.६ कुनै कर्मचारी माथि हुन सक्ने यौन दुव्र्यवहार निवारण गर्न गुनासो सुन्ने प्रणालीको व्यवस्था | गुनासो सुन्ने प्रणालीको व्यवस्था भएको | आचारसंहिता मात्र निर्माण भई कार्यालयमा टाँस गरिएको | कुनै व्यवस्था नभएको | गुनासो सुन्ने प्रणालीको निर्णय तथा सञ्चालनको अवस्था, आचारसंहिता टाँस गरिएको सूचनापाटी | ० | आचारसंहिता टाँस भएको नदेखिएको साथै लैङ्गिक हिंसा वा यौन दुर्व्यवहार निवारण गर्न गुनासो सुन्ने छुट्टै प्रणाली नदेखिएको । | |
| | ४.७ सार्वजनिक परीक्षण सार्वजनिक सुनुवाइ | प्रदेश सुशासन ऐनमा व्यवस्था भए बमोजिम नियमित रूपमा कार्यक्रमको सार्वजनिक परीक्षण सार्वजनिक सुनुवाइ गर्ने | आंशिक रूपमा कार्यक्रमको सार्वजनिक परीक्षण सार्वजनिक | नियमित रूपमा सार्वजनिक परीक्षण सार्वजनिक सुनुवाइ गर्ने नगरेको | सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ प्रतिवेदन | ० | सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण भएको नदेखिएको । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | गरेको | सुनुवाइ गर्ने गरेको | | | | | |
| | ४.८ लैससास सम्बन्धी नीति तथा कार्यक्रमका सम्बन्धमा नागरिकलाई सूचना प्रवाह | पूर्ण रूपमा सुसूचित गर्ने गरेको | आंशिक रूपमा मात्र सुसूचित गर्ने गरेको | सुसूचित गर्ने नगरेको | वेबपेज वा सामाजिक सञ्जालको लिङ्क, रेडियो एफ.एम.र छापा सम्झौतापत्र, सूचनाको सफ्टकपी | ०.५ | NTV इटहरी संग संझौता गरी यी विषयहरु प्रशारण गर्ने गरेको साथै वेवसाईटमा पनि विभिन्न सन्देशमुलक जानकारी प्रशारण गर्ने गरेको । | |
| | ४.९ सञ्चालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासको दृष्टिकोणबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण | लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासको दृष्टिकोणबाट विश्लेषण गर्ने गरिएको | विश्लेषण गर्ने कार्यक्रम रहेको तर कार्यान्वयन नभएको | नभएको | विश्लेषण प्रतिवेदन तथा अन्य दस्तावेजहरू | ०.५ | सरोकारवालालाई पुगेको लाभ असर र प्रभाव विश्लेषण गरी प्रतिवेदन तयार नभएको तर अपाङ्गता भएका व्यक्तिहरुको तथ्यगत विश्लेषण गरी प्रतिवेदन तयार भएको । | |
| | ४.१० कार्यक्रम प्रभावकारिताको लागि नागरिक अनुगमन र तेस्रो पक्षीय अनुगमन पद्धतिको विकास र तिनका सुझाव तथा सिफारिसहरूको कार्यान्वयनको अवस्था | भएको | विकास भएको तर सुझाव कार्यान्वयन नभएको | दुवै नभएको | कार्यक्रमको प्रतिवेदन, परामर्शदाताको नियुक्ति-पत्र, अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन | ० | नागरिक अनुगमन र तेस्रो पक्ष अनुगमन पद्धतीको अवलम्बन हुने गरेको नदेखिएको । | |
| | जम्मा | | | ४ | | ४.५ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **५. सेवा प्रवाह** | ५.१ सेवाग्राही सन्तुष्टि सर्वेक्षणसँग सम्बन्धित औजारहरू प्रयोग गर्दा विशेष गरी महिला तथा वञ्चितीकरणमा परेका वर्गसँग सम्बन्धित लैससासमैत्री प्रावधान राखिएको वा प्रणालीको विकास | सेवाग्राही सन्तुष्टि सर्वेक्षणसँग सम्बन्धित औजारहरू प्रयोग गर्दा विशेष गरी महिला तथा वञ्चितीकरणमा परेका वर्गसँग सम्बन्धित लैससासमैत्री प्रावधान राखिएको वा प्रणालीको विकास गरिएको | आंशिक रूपमा राखिएको वा प्रणाली को विकास गरिएको | केही पनि नगरिएको | सेवाग्राही सन्तुष्टि सर्वेक्षण फाराम, परीक्षण गर्ने विधि | ० | सेवाग्राही सन्तुष्टि सर्वेक्षण फाराम भएको नदेखिएको साथै परीक्षण समेत गर्ने नगरेको । | |
| | ५.२ सेवा प्रवाहमा स्थानीय भाषाको प्रयोगको अवस्था | सरकारी कामकाजको भाषाका अतिरिक्त स्थानीय भाषाको समेत प्रयोग गरी सेवा प्रवाह गर्ने गरिएको (नागरिक बडापत्र, सन्देशहरू | आंशिक रूपमा मात्रै व्यवस्था मिलाइए को | सरकारी कामकाजको भाषा मात्र प्रयोग गरिएको | स्थानीय भाषाको प्रयोग भएको प्रमाण | ० | सरकारी कामकाजको भाषा मात्र प्रयोग भएको । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | स्थानीय भाषामा प्रकाशन) | | | | | | |
| | ५.३ मन्त्रालय तथा कार्यालयबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा लैससासमैत्री मापदण्ड निर्माण | मापदण्ड निर्माण गरी कार्यान्वयनमा ल्याएको | विशेष व्यवस्था /मापदण्ड निर्माण गरेको तर कार्यान्वयनमा नल्याएको वा मापदण्ड निर्माण हुँदै गरेको | कुनै विशेष व्यवस्था नगरेको | सार्वजनिक सेवा प्रवाहको मापदण्ड, मापदण्ड निर्माणको निर्णय | ० | सेवा प्रवाहको लैससास मैत्री मापदण्ड निर्माण भएको नदेखिएको । (मापदण्ड नै निर्माण नभएको ) | |
| | ५.४ प्रदेश सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा | उल्लेख्य उपस्थिति रहने गरेको | न्यून उपस्थिति रहने गरेको | उपस्थिति रहने नगरेको | उपस्थित रजिष्टर र वञ्चितीकरणमा परेका व्यक्तिको उपस्थिति | १ | १। मन्त्रालयको स्वत प्रकाशन हुने गरेको ।<br>२। पत्रकार भेटघाट हुने गरेको<br>३। LGBTI को उपस्थिति सहितको कार्यक्रम कार्यान्वयन मा उपस्थिति देखिएको । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सरोकारवालाको उपस्थिति | | | | | | | |
| | ५.५ कार्यालयले प्रवाह गर्ने सेवाका बारेमा नागरिक बडापत्रको अवस्था | नागरिक बडापत्र स्पष्ट बुझिने गरी सबैको पहुँचयोग्य स्थानमा राखुका साथै प्रविधिको प्रयोग गरी लैससासमैत्री बनाइएको | सबैको पहुँचयोग्य स्थानमा राखिएको तर प्रविधिको प्रयोग गरी थप लैससास मैत्री बनाउने सम्बन्धमा कार्य नभएको | नागरिक बडापत्र स्पष्ट बुझिने गरी सबैको पहुँचयोग्य स्थानमा नराखिएको | नागरिक बडापत्र, सूचना प्रविधिको प्रयोग भएको प्रमाण | १ | नागरिक वडापत्र तयार पारी सबैले देख्नेगरी पहुँचयोग्य ठाँउमा राखिएको । | |
| | ५.६ सेवा प्रवाहका सुधारका क्षेत्रको पहिचान र कार्ययोजना निर्माण | सुधारका क्षेत्रको पहिचान र कार्ययोजना निर्माण गरी कार्यान्वयन भएको | सुधारको सम्बन्धमा अध्ययन भई कार्ययोजना निर्माण भएको | केही नभएको | अध्ययन दस्तावेज, सुधार कार्ययोजना, कार्यान्वयन प्रगति प्रतिवेदन | १ | मन्त्रालयले नीति कार्यक्रमको कार्ययोजना तर्जुमा गरेको , बजेटको कार्ययोजना तयार पारेको साथै सोहि बमोजिम कार्यक्रम कार्यान्वयन भएको । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | तर कार्यान्वयन नभएको | | | | | |
| | ५.७ योजना तथा कार्यक्रम निर्माणमा महिला तथा लक्षित वर्गमैत्री कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयनको अवस्था | वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गरिएको | वार्षिक बजेटमा समावेश गरिएको तर कार्यान्वयन नगरिएको | कार्यक्रमहरू नराखिएको | वार्षिक योजना तर्जुमा तथा बजेट | १ | महिला तथा लक्षित बर्गमैत्री योजना तथा कार्यक्रम तर्जुमा भई कार्यानवयन भएको देखिएको । | |
| | ५.८ स्वरोजगार तथा वैदेशिक रोजगारीमा जाने महिला तथा वञ्चितीकरण परेको समुदायको क्षमता विकासका लागि कार्यक्रम कार्यान्वयनको अवस्था | कम्तीमा ५ वटा कार्यक्रमहरू कार्यान्वयन गरेको | आंशिक रूपमा कार्यक्रमहरू तय गरी कार्यान्वयन गर्ने गरेको | कुनै पनि कार्यक्रमहरू नगरेको | वार्षिक बजेट तथा कार्यक्रम, कार्यक्रम सम्पन्न प्रतिवेदन | १ | बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई र फर्किएर आएका व्यक्तिहरुलाई क्षमता विकासका कार्यक्रम भएको । | |
| | ५.९ गुनासो सुन्ने अधिकारीको व्यवस्था र गुनासोको सम्बोधन | गुनासो सुन्ने अधिकारीको व्यवस्था गरी गुनासो समयमै | गुनासो सुन्ने अधिकारीको | गुनासो सुन्ने अधिकारीको व्यवस्था नभएको | गुनासो सुन्ने अधिकारी तोक्ने निर्णय, गुनासो सुनुवाइको अभिलेख तथा प्रतिवेदन | १ | गुनासो सुन्ने अधिकारी शाखा अधिकृत रोसुना कोईरालालाई तोकिएको र नियमित रुपमा सिष्टममार्फत प्राप्त गुनासाहरुको | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सम्बोधन गर्ने गरिएको | व्यवस्था गरेको तर गुनासो सम्बोधन गर्ने नगरिएको | | | | सम्बोधन भएको अभिलेख देखिएको । | |
| | ५.१० अति गरिब तथा लोपोन्मुख समुदायका व्यक्तिलाई गरिएको सेवा प्रवाहमा सहुलियतको व्यवस्था | निःशुल्क सेवा प्रवाह गर्ने गरेको | सेवा प्रवाह गर्दा केही सहुलियत वा छुट दिने गरेको | व्यवस्था नभएको | निःशुल्क सेवा सम्बन्धी नीति वा निर्णय, छुट सुविधा, सहुलियत प्राप्त गर्ने व्यक्तिको विवरण | १ | १। अपाङ्गता भएका व्यक्तिहरुलाई शिक्षामा छुट तथा छात्रवृद्धिको व्यवस्था भएको ।<br>२। खगेन्द्र नवजीवन केन्द्र झापालाई अनुदान दिई पुर्ण अशक्त अपाङ्गहरुलाई निशुल्क हेरचाह भइरहेको ।<br>३। सहयोगापेक्षी सडक मानवमुक्तका लागि मानवसेवा आश्रम विराटनगरलाई अनुदान उपलब्ध गराई निशुल्क हेरचाह भइरहेको ।<br>४। बालबालिका आपतकालीन उद्धारकेन्द्र (१०९८) लाई अनुदान उपलब्ध गराई सेवामा निशुल्क उपलब्ध गराईएको । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | ५। RPL माध्यमबाट निशुल्क रुमा सीप परीक्षण गरिएको । | |
| | | | ५ | | | ७ | | |
| | | | | कुल जम्मा | (१+२+३+४+५) | ३२.५ | | |

अनुसूची - ३

दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सबल र दुर्बल पक्ष तथा अवसर र चुनौती विश्लेषण तालिका

**निकायको नामः** सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश

**परीक्षण अवधिः** आर्थिक बर्ष २०८१/८२

अनुसूची-१ बमोजिम प्राप्त प्राप्ताङ्कका आधारमा सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशको अवसर र चुनौती विश्लेषण तालिका निम्नानुसार तयार पारिएको छ

| मूल शीर्षक | सबल पक्षहरु | दुर्बल/सुधार गर्नुपर्ने पक्षहरु | अवसर | चुनौती |
|---|---|---|---|---|
| नीति, कानून योजना तथा कार्यक्रम | • प्रदेश योजना आयोगसँगको समन्वयमा सहभागितामूलक सुझाव संकलन गर्ने परिपाटी हुनु।<br><br>• वार्षिक बजेट र नीतिमा लक्षित वर्गका लागि छुट्टै शीर्षकमा बजेट विनियोजन हुनु। (अपाङ्गता,महिला,विपन्न, ज्येष्ठनागरिक,बालबालिका, LGBTI लगायत)<br><br>• नियमित समिक्षा , MDAC बैठक हुनु ।<br><br>• मन्त्रालयबाट तयार पारिएको कानूनहरु Website मा सार्वजनिक गरिनु । | • GESI परीक्षणका लागि बजेटको व्यवस्था नभएको।<br><br>• लैससास परीक्षणले औंल्याएका अघिल्ला सुझावहरूलाई वार्षिक योजनामा समावेश नगरिएको ।<br><br>• PLMBIS प्रणालीमा लैङ्गिक संकेत प्रविष्टि गर्ने अभ्यासको कमी । | • प्रदेश योजना आयोगसँगको सहकार्यमा सहभागितामूलक योजना तर्जुमा गर्ने अवसर रहेको ।<br><br>• लैससासको क्षेत्रमा बजेट विनियोजन गर्ने कार्यक्षेत्र समेत रहेकोहुँदा उक्त क्षेत्रको सशक्तिकरणका लागि बजेट विनियोजन गर्न सक्ने प्रशस्त अवसर रहेको। | • नीतिगत सुधारका लागि छुट्टै बजेट र कार्ययोजनाको अभाव हुनु । |

| | | | | |
|---|---|---|---|---|
| संस्थागत व्यवस्था | • निर्णायक तहमा महिला र समावेशी प्रतिनिधित्व ३३ प्रतिशत भन्दा माथि रहेको । <br><br> • लैससास सम्पर्क व्यक्ति र हेल्प डेस्कको व्यवस्था भएको । | • लैङ्गिक हिंसा सम्बन्धी उजुरी दर्ता गर्ने छुट्टै संयन्त्र नभएको । <br><br> • खण्डीकृत तथ्याङ्क तयारी नभएको साथै तथ्याङ्क नियमित सार्वजनिकीकरण नहुने गरेको । | • मन्त्रालयका विभिन्न समितिहरूमा समावेशी प्रतिनिधित्व सुनिश्चित भएको। | • खण्डीकृत तथ्याङ्कको अभावमा लक्षित योजना तर्जुमा गर्न कठिनाइ हुनु । |
| मानव संसाधन तथा क्षमता विकास | • पहुँचयुक्त शौचालय सहितको भवन र भौतिक संरचना तयार भएको । <br><br> • मन्त्रालयमा लैससास सम्बन्धी तालिम प्राप्त दक्ष जनशक्ति उपलब्ध हुनु । | • कर्मचारीहरूको दक्षता अभिवृद्धिका लागि नियमित कार्यक्रम र बजेटको अभाव रहेको । | • उपलब्ध दक्ष जनशक्तिलाई प्रदेशका अन्य मातहतका कार्यालयहरूमा प्रशिक्षकको रूपमा परिचालन गर्न सकिने । | • नियमित अभिमुखीकरणको अभावमा कर्मचारीहरूमा लैससास संवेदनशीलता कम हुन सक्ने जोखिम रहेको। |
| सुशासन तथा उत्तरदायित्व | • महिला शौचालयमा स्यानिटरी प्याड र शिशु स्याहारका लागि समय व्यवस्थापन जस्ता सुविधाहरू रहेको । <br><br> • एनटिभी इटहरी र सामाजिक सञ्जाल मार्फत लैससास सम्बन्धी सूचना प्रवाह हुने गरेको । | • सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण नियमित रूपमा नभएको । <br><br> • यौन शोषण तथा दुर्व्यवहार विरुद्धको स्पष्ट आचारसंहिता निर्माण नभएको । | • नागरिक अनुगमन र तेस्रो पक्षीय अनुगमन पद्धतिलाई संस्थागत गरी सुशासन सुदृढ गर्ने अवसर । <br><br> • मन्त्रालयबाट हुनेगरेका सम्पुर्ण कामहरुलाई पारदर्शिता कायम गर्नका लागि वेवसाईटमा सार्वजनिक गर्ने, तथा दैनिक कार्यको जानकारी सार्वजनिक | • उजुरी सुन्ने संयन्त्र र आचारसंहिताको अभावमा कार्यस्थलमा हुनसक्ने यौनहिंसा सम्बोधन चुनौतीपूर्ण हुनु । |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्ने अवसर रहेको जसले गर्दा (सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण लाई प्रविधिमैत्री बनाउन सहज हुने) | |
| सेवा प्रवाह | • अति गरिब, लोपोन्मुख र अपाङ्गता भएका व्यक्तिका लागि अनुदान र निःशुल्क सेवाको प्रभावकारी व्यवस्था भएको ।<br><br>• वैदेशिक रोजगारीबाट फर्किएकाहरूका लागि क्षमता विकास कार्यक्रम सञ्चालन भएको ।<br><br>• नागरिक वडापत्र तयार पारी पहुँचयोग्य ठाउमा राखिएको । | • सेवा प्रवाहमा स्थानीय भाषाको प्रयोग नभएको (सरकारी कामकाजको भाषामा मात्र सीमित) ।<br><br>• सेवाग्राही सन्तुष्टी सर्वेक्षण फारम तयार नभएको साथै परीक्षण गर्ने नगरिएको ।<br><br>• सेवा प्रवाहको लैससासमैत्री विशिष्ट मापदण्ड तयार नभएको । | • प्रविधिको प्रयोग मार्फत सेवा प्रवाहलाई अझ बढी समावेशी र पारदर्शी बनाउन सकिने अवसर । | • समावेशी मापदण्डको अभावमा सबै वर्गको पहुँच समान रूपमा सुनिश्चित गर्न कठिन हुनु । |

**कार्यदलका सदस्यहरू:**

१. श्री दुर्गा भण्डारी बराल - संयोजक

२. श्री निर्मला चौलागाई - सदस्य

३. श्री मदन खनाल — सदस्य

४. श्री रोसुना कोईराला - (सदस्य सचिव)

अनुसूची - ४

दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट प्राप्त प्रमुख उपलब्धीहरु

**निकायको नामः** सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश

**परीक्षण अवधिः** आर्थिक बर्ष २०८१/८२

| विषय क्षेत्र र सूचक | प्रमुख उपलब्धिहरु |
|---|---|
| नीति, कानून योजना तथा कार्यक्रम | • प्रदेश योजना आयोगसँगको सहकार्यमा आयोजना बैंकका लागि स्थानीय तहबाट समावेशी र सहभागितामूलक सुझाव संकलन गरिएको।<br>• मन्त्रालयका सबै ऐन, नियम र निर्देशिकाहरू आधिकारिक वेबसाइटमा सार्वजनिक गरी सूचनाको पहुँच सुनिश्चित गरिएको।<br>• वार्षिक बजेटमा लक्षित वर्गका लागि छुट्टै र स्पष्ट बजेट उपशीर्षकहरू (P-code) राखिएको। |
| संस्थागत व्यवस्था | • मन्त्रालयको कुल कर्मचारी संख्यामा महिलाको प्रतिनिधित्व ३३ प्रतिशतभन्दा बढी (४०% को हाराहारीमा) रहेको।<br>• समावेशी र लैङ्गिक समानताका सवाल हेर्नका लागि शाखा अधिकृतस्तरको लैङ्गकि सम्पर्क व्यक्ति (Focal Person) तोकिएको।<br>• लैङ्गिक हिंसा र बालअधिकारका क्षेत्रमा कार्य गर्न छुट्टै महाशाखाको क्रियाशीलता रहेको। |
| मानव संसाधन तथा क्षमता विकास | • मन्त्रालयको भौतिक पूर्वाधारमा अपाङ्गमैत्री र्याम्प र पहुँचयुक्त शौचालयको व्यवस्था भएको ।<br>• महिला कर्मचारीहरूका लागि मन्त्रालयमा शिशु स्याहारको लागि समय व्यवस्थापन र स्तनपान कक्षको अवधारणा रहेको।<br>• लैससास (GESI) सम्बन्धी आधारभूत तालिम प्राप्त जनशक्ति मन्त्रालयमा उपलब्ध रहेको। |
| सुशासन तथा उत्तरदायित्व | • मन्त्रालयको सेवा प्रवाह र कार्यक्रमका बारेमा रेडियो, टेलिभिजन (NTV) र सामाजिक सञ्जाल (Facebook) मार्फत नियमित सूचना सम्प्रेषण हुने गरेको।<br>• महिला शौचालयमा स्यानिटरी प्याडको व्यवस्थापन र फोहोर विसर्जनको लागि डिस्पोजल बिनको उचित प्रबन्ध गरिएको।<br>• नागरिक बडापत्रलाई पहुँचयुक्त ठाउमा राखिएको। |
| सेवा प्रवाह | • अति विपन्न र लोपोन्मुख समुदाय सन्थाल समुदायका लागि विशेष क्षमता विकास कार्यक्रम कार्यान्वयन गरिएको।<br>• अपाङ्गता क्षेत्रमा खगेन्द्र नवजीवन केन्द्रलाई अनुदान दिई पूर्ण अशक्तहरूको निःशुल्क हेरचाह र अपाङ्गता भएका विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गरिएको।<br>• रोजगारीः वैदेशिक रोजगारीबाट फर्किएका र जाने तयारीमा रहेका युवाहरूका लागि सीपमूलक तालिम प्रदान गरिएको। |

अनुसूची - ५

दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन कार्ययोजना

**निकायको नामः** सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश

**परीक्षण अवधिः** आर्थिक बर्ष २०८१/८२

| विषय क्षेत्र | पूर्णाङ्क | असम्बन्धित | प्रासाङ्क | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | मुख्य जिम्मेवारी | | | समयावधि | थप आर्थिक दायित्व बेहोर्नु पर्ने/नपर्ने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहलकर्ता | निर्णय कर्ता | कार्यान्वयन कर्ता | | अनुमानित रकम रु हजारमा स्रोत प्रष्ट खुलाउने | नपर्ने |
| नीति, कानून योजना तथा कार्यक्रम | १० | १ | ७ | आगामी योजना तर्जुमा गर्दा अघिल्लो लैससास परीक्षणका सुझावहरूलाई अनिवार्य समावेश गर्ने र PLMBIS मा लैङ्गिक संकेत प्रविष्टि गर्ने। | योजना शाखा | प्रदेश सचिव | सामाजिक विकास महाशाखा का शाखाहरु र आर्थिक प्रशासन शाखा | २ महिना | | नपर्ने |
| | | | | मन्त्रालय तथा मातहतका निकायका कर्मचारी, प्रतिनिधि र सरोकारवालाहरूलाई लैससास सम्बन्धी कानूनहरूको नियमित (कम्तीमा वार्षिक) अभिमुखीकरण सञ्चालन गर्ने। | लैससास फोकल पर्सन | प्रदेश सचिव | प्रशासन तथा योजना महाशाखा | ६ महिना | न्यूनतम | |
| | | | | मन्त्रालयको वार्षिक बजेटमा लैससास परीक्षण गर्नका लागि छुट्टै शीर्षकमा बजेट विनियोजन गर्ने। | योजना शाखा | प्रदेश सचिव | सामाजिक विकास महाशाखा | आगामी आ.व. देखि | ५० हजार | |
| संस्थागत व्यवस्था | १० | ० | ७ | लैङ्गिक हिंसा र यौन दुर्व्यवहार सम्बन्धी उजुरी सुन्ने छुट्टै संयन्त्र र कार्यविधि निर्माण गरी लागू गर्ने। | सामाजिक विकास महाशाखा | प्रदेश सचिव | सम्बन्धित शाखाहरु | ६ महिना | कानून तर्जुमा गर्न न्यून बजेट चाहिने | |
| | | | | खण्डीकृत तथ्याङ्क नियमित अपडेट गर्ने। | तथ्याङ्क हेर्ने | प्रदेश सचिव | तथ्याङ्क राख्नुपर्ने | ६ महिना | तथ्याङ्क व्यवस्थाप | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | फोकल व्यक्ति | | सबै शाखाहरु | | नका लागि सफ्टवेयर खरिदका लागि न्यूनतम बजेट | |
| | | | | मन्त्रालयमा कार्यालय प्रमुखलाई लैङ्गिक हिंसा सम्बन्धी उजुरी सुनुवाई गर्ने जिम्मेवारी थप गर्ने। | लैससास फोकल पर्सन | सचिव | मन्त्रालय | तत्काल | | नपर्ने |
| मानव संसाधन तथा क्षमता विकास | १० | १ | ७ | कर्मचारीहरूको लैससास संवेदनशीलता सम्बन्धी नियमित अभिमुखीकरण र क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने। | सामाजिक विकास महाशाखा | प्रदेश सचिव | लैङ्गिक मुलप्रवाहिकरण शाखा | ६ महिना | न्यून बजेट चाहिने | |
| सुशासन तथा उत्तरदायित्व | १० | ० | ४.५ | कार्यस्थलमा यौनजन्य दुर्व्यवहार (निवारण) सम्बन्धी आचारसंहिता निर्माण गर्ने र सार्वजनिक सुनुवाइ/तेस्रो पक्षीय अनुगमनलाई नियमित गर्ने। | लैङ्गिक मूलप्रवाहिकरण शाखा/ योजना शाखा | मा.मन्त्री र प्रदेश सचिव | योजना शाखा र कानून शाखा/लैङ्गिक मूलप्रवाहिकरण शाखा | ६ महिना | | नपर्ने |
| सेवा प्रवाह | | | | लैससासमैत्री सेवाग्राही सन्तुष्टि सर्वेक्षण विधि तयार गर्ने। | प्रशासन शाखा | प्रदेश सचिव | सबै महाशाखा, शाखा | ६ महिना | | नपर्ने |
| | १० | ० | ७ | मन्त्रालयबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा लैससासमैत्री मापदण्ड निर्माण गरी कार्यान्वयनमा ल्याउने। | लैससास फोकल पर्सन | मन्त्री र सचिव | सम्बन्धित महाशाखा शाखा | १ वर्ष | | नपर्ने |
| कुल | ५० | २ | ३२.५ | | | | | | | |
| प्रतिशतमा कुल | १००% | ४% | ६७.७१% | उत्तम रहेको । | | | | | | |



जेसी अडिट गर्दाका तस्विरहरु



कार्यदलले कार्ययोजना तर्जुमा गर्दा भएको



कार्यदलले तयार गरेको GESI अडिट प्रतिवेदनको मसौदा मन्त्रालयका सचिवज्यू, महाशाखाका महाशाखा प्रमुखहरु तथा शाखाका कर्मचारीहरुसँग छलफलको तस्विर



छलफलका क्रममा लिइएको तस्विर

**कार्यदलका सदस्यहरूः**

१. श्री दुर्गा भण्डारी बराल - संयोजक
२. श्री निर्मला चौलागाई - सदस्य
३. श्री मदन खनाल — सदस्य
४. श्री रोसुना कोईराला - (सदस्य सचिव)

**स्वीकृत गर्ने अधिकारी**

.....................................................
(कार्यालय प्रमुख)